नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४] काठमाडौं आषाढ १३ गते २०१२ साल [संख्या ४५

भाग १

कानूनविभागको सूचना

नेपाल भ्रष्टाचार ऐनको दफा २० ले दिएको अधिकार प्रयोग गरी सरकारले देहायबमोजिमको आदेश निकालेको छ।

[क] नेपाल भ्रष्टाचार निवारण नियमको ७ दफा खारेज गरिएको छ।

[ख] नेपाल भ्रष्टाचार निवारण नियमको दफा ३ को [घ] मा भ्रष्टाचार निवारण विभागका अफिसारहरूले काठमाडौंका कमिश्नर, जिल्ला जिल्लाका बडाहाकिम र तिनीहरूमातहतका सबै अड्डाको कर्मचारीहरूबाट चाहिंदो मदत सहयोग र सहूलियत लिन मागेमा दिनुपर्छ भन्ने शब्दहरूपछि-'नेपाल सरकारको सचिवालयको सबै

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विभागहरूले समेत चाहिंदो मदत सहयोग सहूलियत माग्नेमा दिइएछ' भन्ने शब्दहरू थपिनेछन् ।

इति संवत् २०१२ साल आषाढ ८ गते रोज ४ शुभम् ।

आज्ञाले—
तिलकशमशेर थापा
सेक्रेटरी—कानूनविभाग.

कानूनविभागको सूचना

२०१२ आषाढ ६ गते रोज २, खण्ड ४ संख्या ४४ को गजेटको भाग १ मा छापिएका ऐनहरूमा टाइप, छपाई र अक्षर अस्पष्ट भएबाट अशुद्ध हुन गएको देखिएकोले तल लेखिएका ऐनहरूमा भएका अशुद्धको शुद्धि-पत्रिका दिइएको छ । सोबमोजिम सच्याई पढ्नुहोला ।

पत्राङ्क	नम्बर	पंक्ति	अशुद्ध	शुद्ध
नेपाल कानून व्याख्या सम्बन्धी संशोधन ऐन २०१२ मा	२	२ [२], [२]	३ महाराजाधिराज समेतका	युवराजाधिराज समेतका
विशेष परिस्थिति ऐन २०१२ मा	३	३	२ देहायको	देहायको
ऐ	३	४	३ जुनसुक	जुनसुकै
कृषि सम्बन्धी बाली विषयको ऐनमा	४	१	१ शिषक	शिर्षक
ऐ	५	३	२ नाथी	माथि
ऐ	५	७	३ गरै	गैर
विशेष अदालत ऐन २०१२ मा	७	१[३]	१ गजेट ।	गजेटमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।